नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार २३ र २४ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ६,५६९ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। उक्त दिन ९९ जना विदेशी नागरिक त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता, नियम पालना, अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन स्थानीय प्रशासनको सक्रियतामा नियमित अनुमगन भैरहेको छ। अनुगमनको क्रममा असार २४ गतेका दिन देशभर १४,००० भन्दा बढी सिलिण्डर मौज्दात रहेको छ। देशभर संक्रमितहरू मध्ये असार २४ गतेका दिन ३,८३५ जना सामान्य वेडमा, ६३८ आईसियु वेड र २०१ जना भेन्टिलेटरमा उपचाररत रहेका छन् । पछिल्ला केही दिनहरूमा संक्रमणदर बढ्दै जानुका साथै बिरामीहरूको संख्या बृद्धि हुँदै गएको छ। हालसम्म निशेधको आदेश उल्लघंन गर्ने २,०१,७५८ सवारी साधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६५,८२५ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा ११४ सवारी साधन र मास्क नलगाई हिँडडुल गर्ने ३६४ जनालाई कारवाही गरिएको छ ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि ८९,६४,४९९ थान विभिन्न मेडिकल उपकरणहरू, १५ एम. टी. क्यु. अक्सिजन र २० के. जी. कोभिड-१९ टेष्ट किट लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,३३३ सिलिण्डर र उपत्यका बाहिर ६,९८५ गरी कुल १२,३२० सिलिण्डरको उत्पादन भईरहेको छ। संयुक्त बजार अनुगमन टोलीद्वारा अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित अनुगमनको क्रममा स्वास्थ्य सामग्री फर्म र खाद्य सम्बन्धी फर्मको अनुगमन गरिएको छ।

२०७८ असार २५

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np